सुनापति गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## हिलेदेवी, रामेछाप
## बागमती प्रदेश, नेपाल

पत्र संख्या :२०७८/०७९
च. नं.

मितिः२०७९/०१/०६

## प्रेस विज्ञप्ति

केहि दिन यता गाउपालिकाको डोजरको सम्बन्धमा केहि व्यक्तिले आधारहिन र कपोलकल्पित रुपमा सामाजिक सञ्जाल र केहि अनलाईन मिडिया मार्फत जनप्रतिनिधि, पदाधिकारी र सिङ्गो गाउँपालकाको प्रतिष्ठामा आँच आउने गरी भ्रामक समाचार संप्रेषण गरिएकोमा यस गाउँपालिकाको गम्भिर ध्यानार्कषण भएको छ। सुनापति गाँउपालिकाले मिति २०७५ सालमा एक व्याक हो लोडर (जे.सी.वि)/डोजर खरिद गरिएको ।उक्त जे.सि.वि संचालन गर्नको लागि सुनापति गाउँपालिकाले व्याक हो लोडर(जे.सी.वि) संचालन सम्बन्धी कार्यविधि २०७५ निर्माण गरिएको। कार्यविधि बमोजिम सुनापति गाउँपालिका वडा नं.३ का वडा अध्यक्ष एवम् सुनापति गाउँपालिकाको पूर्वाधार विकास समितिका संयोजक श्री बाबुराम तामाङको संयोजकत्वमा अन्य ४ वटा वडाको वडा अध्यक्षहरु सदस्य र सव ईन्जिनियर (प्रा) श्री सानो बाबु श्रेष्ठ सदस्य सचिव रहेको एक जे.सि.वि संचालन तथा अनुगमन समिति गठन भएको ।कार्यविधि मै डोजर चालक र चालकको सहयोगीको लागि प्रतिघण्टाको दरले भत्ता तोकिएको । सोही कार्यविधि वमोजिम पालिकाले १ जना डोजर चालक र १ जना चालक सहयोगी (आवश्यकता अनुसार) करारमा नियुक्ति गरि डोजर संचालन गर्दै आइरहेको। उक्त डोजर गाउँपालिकाको योजनाहरू समयमै सम्पन्न गर्ने प्रयोजनका साथ-साथै जनताहरुको निजी काम शुलभ मूल्यमा सहज तारिकाले गर्ने उद्देश्येका साथ संचालन गर्दै आइरहेको। पालिकाको योजनाको काममा चलाएको हो या निजी व्यक्तिको काममा चलाएको हो व्यहोरा स्पष्ट खोली डोजर चालकले आफुले काम गरेको भत्ता प्राप्तिको लागि अभिलेख तयार गरि राख्ने र उक्त अभिलेखलाई डोजर संचालन तथा अनुगमन समतिबाट अनुमोदन गराई पारिश्रमिक दिने व्यवस्था गरिएको छ। यसरी कानून बमोजिम नै उक्त डोजर संचालन भइरहेको र सो सँग सम्बन्धित कागजात आधिकार प्राप्त निकायबाट जाँच परीक्षण भैरहेको । हाल कार्यरत प्रमुख प्रशासकीय अधिकृतको कार्य अवधिमा चालक श्री कृष्ण घिसिङ्गलाई करार सेवामा नियुक्ति दिई मिति २०७८ साल असार २० गते बाट डोजरको मिटर २५०४ घण्टा बाट संचालनका लागि सुरु भई २८४० घण्टा पुगेको (हाल डोजर संचालन नभएको अवस्थामा रहेको) छ। जस्को यथार्थ विवरण संलग्न छ । यस्ता आधारहीन र मनगडन्ते कुरामा केहि व्यक्तिले निहीत स्वार्थ राखि गलत आशयका साथ प्रचार गरिएकोमा गाउँपालिकाको तर्फबाट गम्भीर खेद प्रकट गर्दै अब उपरान्त यस प्रकारका भ्रामक समाचार सम्प्रेषण नगरी दिनु हुन र यस्ता कुराहरुबाट सम्पूर्ण नागरिकहरु भ्रममा नपर्नु हुन समेत सुनापति गाउँपालिका हार्दिक अपिल गर्दछ।

| | |
|---|---|
| .................................... | .................................... |
| कमल राज श्रेष्ठ | धावा लामा |
| (प्रमुख प्रशासकीय अधिकृत) | (गा.पा. अध्यक्ष) |

कमल राज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

धावा लामा
गाउँपालिका अध्यक्ष

"व्यावसायिक र सिर्जनशील प्रशासन: विकास, समृद्धि र सुशासन"
"समृद्ध र सुखी सुनापति : कृषि, पर्यटन हाम्रो सम्पत्ति"

Website:-sunapatimun.gov.np Facebook:-www.facebook.com/sunapatimun ito.sunapatimun@gmail.com